# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७ काठमाडौं, माघ २९ गते २०६४ (अतिरिक्ताङ्क ५५ (क+२)


## भाग ३

## निर्वाचन आयोगको सूचना

संवत् २०६४ साल चैत्र २८ हुने संविधान सभा सदस्य निर्वाचन स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नका लागि निर्वाचन क्षेत्रहरुमा निर्वाचन सम्बन्धी भए गरेका काम कारवाहीको अनुगमन गर्न, विभिन्न निकाय बीच समन्वय गर्न, निर्वाचन आचारसंहिताको कार्यान्वयनको अनुगमन गर्न तथा आयोग र जिल्ला स्तरका बीच सेतुको रुपमा काम गर्न समेत निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०६३ को दफा ७ को प्रयोजनका लागि सोही ऐनको दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको संविधान सभा सदस्य निर्वाचन अनुगमन सम्बन्धी आदेश, २०६४ जारी गरी यो सूचना प्रकाशन गरेको छ ।

१. <u>अनुगमन टोलीको गठन</u> :

(१) आयोगले प्रत्येक निर्वाचन क्षेत्र वा जिल्ला जिल्लामा आवश्यकता अनुसार नेपाल सरकारका निजामती कर्मचारीको संयोजकत्वमा एक सदस्य वा एक भन्दा बढी सदस्य रहेको अनुगमन टोली गठन गरी खटाउन सक्नेछ ।

(२) आयोगले कुनै निर्वाचन क्षेत्रमा विशेष कामका लागि अनुगमन टोली खटाउन आवश्यक देखेमा उपदफा (१) का अतिरिक्त त्यस्तो काम तोकी एक सदस्य वा एक भन्दा बढी सदस्य रहेको छुट्टै अनुगमन टोली समेत खटाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गठित अनुगमन टोली आयोग प्रति उत्तरदायी रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. अनुगमन टोलीको काम कर्तव्य र अधिकार :

अनुगमन टोलीको देहाय बमोजिमका काम, कर्तव्य र अधिकार हुनेछन् :-

(क) आफ्नो अनुगमन क्षेत्रमा निर्वाचन प्रचार प्रसार प्रचलित कानून बमोजिम भए नभएको अनुगमन गर्ने,

(ख) आफ्नो अनुगमन क्षेत्रभित्र आयोगबाट जारी आचार संहिता प्रयोग र पालना भए नभएको अनुगमन गर्ने,

(ग) आफ्नो अनुगमन क्षेत्रभित्र निर्वाचन सम्बन्धी काम कारबाही स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी रुपमा भए नभएको अनुगमन गर्ने,

(घ) निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ ले अनुगमन टोलीलाई प्रदान गरेको अधिकार बमोजिम कारबाही गरी आयोगलाई जानकारी दिने,

(ङ) निर्वाचनमा राजनैतिक दल तथा उम्मेदवारले निर्वाध रुपमा प्रचार प्रसार गर्न पाए वा नपाएको सम्बन्धमा अनुगमन गर्ने,

(च) मतदान केन्द्रमा कसैले कुनै किसिमको डर, धाक वा त्रास देखाई वा अन्य किसिमले अनुचित प्रभाव पारी निर्वाचनसँग सम्बन्धित काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुर्‍याउने काम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(छ) मतदाताहरुले निर्वाध रुपमा मतदान गर्न पाए वा नपाएको सम्बन्धमा अनुगमन गर्ने,

(ज) पर्यवेक्षकहरुले पर्यवेक्षण गर्न पाए नपाएको अनुगमन गर्ने र तीनिहरुको क्रियाकलापको अवलोकन गर्ने,

(झ) निर्वाचनको लागि आवश्यक साधन, श्रोत पुगे नपुगेको र प्राप्त साधनको व्यवस्थापन स्थितिबारे अनुगमन गर्ने,

(ञ) तोकिएको निर्वाचन क्षेत्रमा निर्वाचन तयारी, व्यवस्थापन जस्ता पक्षहरुमा अनुगमन गर्ने,

(ट) पुनः मतदान गर्नुपर्ने वा मतदान केन्द्रको मतदान रद्द गर्ने जस्ता आयोगले तोकेका विषयमा जाँचबुझ गरी प्रतिवेदन दिने,

(ठ) उम्मेदवार, मतदाता, मतदान केन्द्र र मतगणना स्थलको सुरक्षा व्यवस्था भरपर्दो र पर्याप्त भए नभएको लगायत सुरक्षाको समग्र अवस्था र व्यवस्था बारे अनुगमन गर्ने,

(ड) मतगणनाको काम प्रचलित कानून बमोजिम स्वच्छ, निष्पक्ष रुपमा भए नभएको अनुगमन गर्ने,

(ढ) निर्वाचन अधिकृत वा जिल्ला निर्वाचन कार्यालयलाई आवश्यक सहयोग उपलब्ध गराउने,

(ण) निर्वाचनमा संलग्न कर्मचारीले प्रचलित कानून बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(त) आयोगमा नियमित रुपमा प्रतिवेदन पठाउने तथा आयोगले निर्देशन गरेका अन्य निश्चित काम गर्ने ।

३. अनुगमन अवधि :- आयोगले अनुगमन टोली गठन गर्दा त्यस्तो अनुगमन टोलीले अनुगमन गर्ने कार्य अवधि तोक्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अनुगमन कार्यविधि :-

(१) अनुगमन टोलीले अनुगमन गर्दा देहाय बमोजिमका प्रकृया अपनाउने छ :-

(क) स्थलगत अवलोकन,

(ख) प्राप्त निवेदन उपर जाँचबुझ गर्ने,

(ग) राजनैतिक दलका प्रतिनिधि, उम्मेदवार, मतदाता, सुरक्षाकर्मी, पर्यवेक्षक, निर्वाचनमा खटिएका कर्मचारीसँग प्रत्यक्ष रुपमा भेट गरी जानकारी लिने,

(घ) कुनै संचार माध्यम, मौखिक खबर वा विद्युतीय माध्यमबाट जानकारी प्राप्त भएमा तत्सम्बन्धमा जाँचबुझ गर्ने ।

(२) अनुगमन टोलीले आफूले गरेको अनुगमनको प्रतिवेदन नियमित रुपमा आयोगमा पेश गर्नेछ ।

(३) अन्य अधिकारी समेतको अधिकार क्षेत्र भित्र परेका बिषयमा सम्वन्धित अधिकारीसंग आवश्यक समन्वय गरी टुङ्गो लगाउनु पर्ने छ ।

(४) अनुगमन टोलीले निर्वाचन अधिकृत र जिल्ला निर्वाचन कार्यालय संग निकटतम सम्पर्कमा रही काम गर्नुपर्नेछ ।

५. सुविधा : अनुगमन टोलीका सदस्यले पाउने सुविधा आयोगले तोके बमोजिम हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

**आज्ञाले,**
**सुशील जंग बहादुर राणा**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गो.द.द.नं. ९६।०६२।६३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।